# निर्वाचन सुरक्षा र आचारसंहिता उल्लङ्घन

२०७९ कात्तिक ३० गते

आसन्न प्रतिनिधि र प्रदेश सभाका निर्वाचनको मिति नजिकिँदै गर्दा दार्चुला, गोरखा, चितवनलगयतका जिल्लामा निर्वाचन प्रचार प्रसारमा संलग्न कार्यकर्ता तथा सवारी साधनमाथि आक्रमण भएका घटना अभिलेख भएका छन् । यसैगरी देशका विभिन्न जिल्लामा आचार संहिता विपरीतका गतिविधि सतहमा आएका छन् । निर्वाचन आयोगले आउँदो मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा चुनावका लागि २०७९ असोज १२ गतेदेखि निर्वाचन आचारसंहिता लागु गरेका थियो । आचार संहिता लागु गर्नु एक महिना अघि महिनाअघि राजपत्रमा प्रकाशित गरेको आचारसंहितामा उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदानको १७ दिन अघिबाट मात्र प्रचार गर्न समय दिइएको छ ।

आचारसंहितामा घरदैलोमा जाँदा २५ जनाभन्दा बढीको जुलुस लैजान नपाइने उल्लेख छ । निर्वाचन आचारसंहितामा उम्मेदवारहरूलाई बिहान ७ बजेअघि र साँझ ७ बजेपछि प्रचारप्रसार गर्न रोक लगाइएको छ। आयोगले आगामी निर्वाचनमा उम्मेदवारहरूलाई कुनै पनि ऱ्याली वा सभा गर्दा १० वटाभन्दा बढी राष्ट्रिय झन्डा प्रयोग गर्न समेत रोक लगाएको छ। आचारसंहिता लागु भएपछि कुनै पनि दल वा उम्मेदवारको निर्वाचन चिह्न भएका ज्याकेट, भेस्ट, मास्क वा टोपी लगायतका सामग्री कसैले पनि प्रदर्शन गर्न पाइँदैन। आचारसंहिताले सामाजिक सञ्जालमा झूटा अकाउन्ट वा झूटा वेबसाइट खोल्न रोक लगाउनुका साथै भ्रामक सूचना प्रसार गर्न पनि सर्वसाधारणलाई रोक लगाएको छ ।




निर्वाचन आयोगका अनुसार उम्मेदवारसहित मन्त्री, कर्मचारी, राजनीतिक दल सहित सार्वजनिक पद धारण गरेका व्यक्तिहरूका गतिविधि आचारसंहिताको दायराअन्तर्गत पर्छन् । शिक्षक, पर्यवेक्षक, पत्रकार र ब्याङ्क तथा वित्तीय संस्था लगायत निजी संस्था तथा गैरसरकारी संस्थाका पदाधिकारी लाई पनि आचारसंहिता लागु हुन्छ । सङ्घ तथा प्रदेशका मन्त्री र स्थानीय तहका अधिकारीहरूले आफू उम्मेदवार भएको बाहेकका अवस्थामा कुनै पनि उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार प्रसारमा सहभागी हुन नपाउने आयोगले जनाएको छ। शिलान्यास र उद्घाटन जस्ता कार्यक्रमहरू पनि गर्न रोक लगाइएको छ ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ को खण्ड ख बमोजिम स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा वा भेला नगर्न नपाइने व्यवस्था छ । सोही दफाको खण्ड च बमोजिम एकभन्दा बढी राजनीतिक दल, उम्मेदवार वा भातृ सङ्गठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न नपाइने व्यवस्था छ ।

निर्वाचन आयोग ऐन २०७३ ले आचारसंहिताको गम्भीर उल्लङ्घन गर्ने उम्मेदवारको उम्मेदवारी समेत रद्द हुन सक्ने व्यवस्था गरेको छ ।

'कुनै उम्मेदवारले आयोगले बनाएको आचारसंहिताको उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा त्यसको स्पष्ट आधार र कारण खोली आयोगले उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्नेछ ।'-ऐनमा भनिएको छ । आयोगले दिएको आदेश अटेर गर्ने दल, संस्था वा उम्मेदवारलाई आयोगले १ लाख रुपियाँसम्म जरिबाना गर्न सक्ने कानुनी व्यवस्था छ ।

| उल्लङ्घन | ठूलो आकारको झण्डाको प्रयोग | धेरै सवारी साधनको प्रयोग | भारतीय नम्बर प्लेटको सवारी साधनको प्रयोग | २५ जना भन्दा धेरै व्यक्तिको जुलुश | तुल/ब्यानर झुण्डाएको | जनप्रतिनिधिहरु प्रचारप्रसार मा | बाजागाजा सहित ¥याली | शिक्षक /संवैधानिक आयोगका पदाधिकारी चुनावी अभियान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| नेकपा एमाले | १७ | १३ | | २९ | ८ | ३ | | २ | ७२ |
| नेपाली कांग्रेस | २५ | २५ | २ | ४७ | १५ | ११ | | ३ | १२८ |
| नेकपा माओवादी केन्द्र | २० | २० | | ३५ | ८ | ७ | | ४ | ९४ |
| नेकपा एकीकृत समाजवादी | १२ | १४ | | २४ | ६ | ५ | | १ | ६२ |
| राष्ट्रिय स्वतन्त्र पार्टी | ५ | ३ | १ | ५ | ७ | | १ | | २२ |
| स्वतन्त्र | | | १ | १ | | | | | २ |
| नेपाली कांग्रेससहित गठबन्धन | | | | १ | | | २ | | ३ |
| राज्यपक्ष | | | | | | ३ | | ७ | १० |
| जसपा | | १ | | | ४ | | | | ५ |
| लोपसा | | | | १ | १ | | | | २ |
| जनमत पार्टी | | | | १ | २ | | | | ३ |
| **जम्मा** | **७९** | **७६** | **४** | **१४४** | **५१** | **२९** | **३** | **१७** | **४०३** |

निर्वाचन प्रचारप्रसारको क्रममा सरकार, मन्त्री, राजनीतिक दलका उच्च नेतृत्व तथा उम्मेदवारले आचार संहिता उल्लंघन गरेका र आयोगले स्पष्टीकरण सोधेका समाचार आइरहेका छन् । आयोगले आचार संहिता उल्लंघन गरेको कारणले सोधिएको स्पष्टीकरणलाई मात्र पनि एक किसिमको 'डिफेम' कारबाहीका रूपमा लिने गर्छ । तर, नेपाली राजनीतिकर्मीहरूले उल्लंघनलाई बहादुरी सम्झने गर्छन् । आयोग प्रचारप्रसारका लागि झुन्ड्याएका ब्यानर हटाऊ भन्दै निर्देशन दिइरहेको छ तर आयोग स्पष्टीकरण सोध्ने मात्र त हो, कारबाही गर्न सक्दैन भन्ने उम्मेदवारको बुझाइ छ । यस्तो अवस्थामा आमनिर्वाचनलाई कम खर्चिलो शान्तिपूर्ण र स्वच्छ बनाउन आचार संहितामा रहेका प्रावधानको कडाइका साथ कार्यान्वयन र थप कडा प्रावधानको व्यवस्था आवश्यक देखिन्छ ।

निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित हुन सक्यो भने मात्रै निर्वाचनको महत्व बढ्छ । निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्न सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले आचारसंहिता जारी गरेको हो । यद्यपि आचारसंहिता विपरीतका क्रियाकलापहरू सार्वजनिक भएका छन् । आचारसंहिताको पालना गर्ने जिम्मेवारी सरकार र राजनीतिक दलहरूको हुन्छ भने परिपालना गराउने मुख्य दायित्व निर्वाचन आयोगको ।

गत स्थानीय तहको निर्वाचनका क्रममा आचारसंहिता उल्लङ्घनका समाचारहरू प्रकाशन भएका थिए । निर्वाचन आयोगले केही राजनीतिक दललाई सचेत गराएको भन्ने सूचना प्रकाशन भए पनि आफूमा निहित अधिकार प्रयोग गरेको पाइएन । कुनै उम्मेदवार र राजनीतिक दललाई कारबाही गरिएन ।

निर्वाचन आयोगले एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल, पुकार बम र काठमाडौं महानगरपालिका-१६ का वडाध्यक्ष मुकुन्द रिजालसहित ६ जनालाई २०७९ कात्तिक २६ गते जरिवाना तोक्यो । आयोगबाट पत्राचार भएको आचारसंहिता उल्लंघन गरेको भन्दै जरिवानासहित उनीहरूलाई कारबाही गरेको

आयोगले जनाएको छ । आयोगका अनुसार रिजालले सामाजिक सञ्जालमा उम्मेदवारलाई भोट दिई जिताउन अनुरोध गरेका थिए । त्यसैले उनलाई ५ हजार जरिवाना तोकेको आयोगले जनाएको छ । त्यस्तै, पुकार बमले निर्वाचन प्रचार प्रसारको क्रममा आफ्नो नाम अंकित टिसर्ट प्रयोग गरेको भन्दै ५ हजार जरिवाना तोकेको छ । बमले काठमाडौं क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभाका लागि उम्मेदवार दिएका छन् । यस्तै नेपालले मतदातालाई फ्री भिसा र टिकटमा युवालाई विदेश पठाइदिने भनी प्रलोभनमा पारी अभिव्यक्ति दिएको आयोगले जनाएको छ ।

| उल्लङ्घन | कुटपिट | विद्यालयमा चुनावी सभा | तोडफोड/सम्पति क्षती | चुनावी सभा/जुलुशमा बालबालिका प्रयोग | निर्वाचन विरुद्ध गतिविधि | विद्यालयमा शैक्षिक सामग्री वितरण गरेको | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नेकपा एमाले | ३ | ४ | | १ | | | | ८ |
| नेपाली कांग्रेस | ५ | ६ | | ४ | | २ | ४ | २१ |
| नेकपा माओवादी केन्द्र | ४ | ६ | | ६ | | | ५ | २१ |
| नेकपा एकीकृत समाजवादी | | ३ | | ३ | | | | ६ |
| राष्ट्रिय स्वतन्त्र पार्टी | | १ | | १ | | | | २ |
| अज्ञात पक्षबाट | | | २ | | | | | २ |
| स्वतन्त्र | | | २ | | | | | २ |
| नेपाली कांग्रेससहित गठबन्धन | | | २ | २ | | | १ | ५ |
| राज्यपक्षबाट | | | | | | | १ | १ |
| विप्लव र बैद्य समूह | | | | | २ | | | २ |
| हाम्रो लोक पार्टी | १ | | | | | | | १ |
| जसपा | | २ | | | | | | २ |
| लोपसा | | १ | | १ | | | | २ |
| जनमत पार्टी | | १ | | २ | | | | ३ |
| जम्मा | १३ | २४ | ६ | २० | २ | २ | ११ | ६८ |

राजनीतिक दलको चुनाव चिन्ह अङ्कित पहिरन, टोपी, स्टिकर, लोगो, झोलाजस्ता साङ्केतिक सामग्री प्रयोग, बिक्री वा प्रदर्शन गर्न/गराउन नहुने आचारसंहिताले भनेको छ तर यो प्रावधानको सबैभन्दा बढी दुरूपयोग भएको देखिन्छ । राजनीतिक दलका घरदैलो कार्यक्रममा टिसर्ट, टोपीको प्रयोग अधिक मात्रामा भएको पाइएको छ । आचारसंहिता विपरीत काम भए कारबाही गर्ने अधिकार कानुनले निर्वाचन आयोगलाई प्रदान गरेको छ । तर त्यसको कार्यान्वयन पक्ष असाध्यै फितलो छ ।

आयोगको इच्छाशक्ति हुने हो भने आचारसंहिता कार्यान्वयन प्रभावकारी हुन सक्छ । यसले निर्वाचन निष्पक्ष ढङ्गले सम्पन्न हुने वातावरण तयार गर्छ र निर्वाचनको विश्वसनीयता पनि बढाउँछ । राजनीतिक दलहरू पनि आचारसंहिता पालनाका सन्दर्भमा इमानदार बन्नुपर्छ । सरकार र राजनीतिक दलहरूको इमानदारिताले नै निर्वाचनलाई मर्यादित बनाउँछ । निर्वाचनलाई मर्यादित बनाउनका लागि राजनीतिक दलहरूले आचारसंहिता पालनामा इमानदार बन्न प्रेरित गर्नुपर्नेमा आफैंले आचारसंहिता उल्लङ्घन गर्नु गैरजिम्मेवारपूर्ण र आलोच्य विषय हो ।

## निर्वाचन आचारसंहिता उल्लङ्घनका तथ्य तथ्याङ्क

इन्सेकले अभिलेख गरेको तथ्याङ्क अनुसार निवर्चान आचारसंहिता जारी भएदेखि २०७९ कात्तिक २९ गतेसम्मको अवधिमा ४ सय ८१ ओटा आचारसंहिता उल्लङ्घन भएका छन् । इन्सेकले सातै प्रदेशमा रहेका प्रदेश कार्यालय र ७७ ओटै जिल्लामा रहेका जिल्ला प्रतिनिधि तथा ७ सय ५० जना निर्वाचन पर्यवेक्षकहरूमार्फत यस्ता घटनाका तथ्य/तथ्याङ्कम सङ्कलन गरेको हो । सङ्कलित तथ्याङ्क अनुसार नेपाली कांग्रेसबाट १ सय ४९, नेकपा माओवादी केन्द्रबाट १ सय १५ र नेकपा एमालेबाट ८० ओटा आचारसंहिता उल्लङ्घनका घटना भएका छन् । त्यसैगरी नेकपा एकीकृत समाजवादीबाट ६८, राष्ट्रिय स्वतन्त्र पार्टीबाट २४ र राज्य पक्षबाट ११ ओटा आचारसंहिता विपरितका घटना भएका छन् । अभिलेखित घटना अनुसार सबैभन्दा बढी ठूलो सङ्ख्यामा जुलुस निकालेका १ सय ४४ घटना छन् । त्यसैगरी ठूलो आकारका झण्डाको प्रयोग गरिएका ७९ र तोकिएकाभन्दा धेरै सवारी साधन प्रयोग गरिएका ७६ घटना अभिलेख गरिएको छ ।

### चुनावी प्रचारप्रसारको क्रममा झडप

दार्चुला जिल्ला नौगाड गाउँपालिका-६ खेडमा प्रचारप्रसारमा खटिएको लोकतान्त्रिक गठबन्धन र नौगाडको जामिरमा आयोजित आमसभामा सहभागि हुन गइरहेका नेकपा एमालेका कार्यकर्ता बीच कात्तिक २७ गते झडप हुँदा दुई जना घाइते भएका छन् । झडपमा परी नौगाड गाउँपालिका-६ निवासी गठबन्धनका कार्यकता ३५ वर्षीय जयभानसिंह धामी र नौगाड गाउँपालिका-५ निवासी एमाले कार्यकर्ता २४ वर्षीय निरे ठगुन्ना घाइते भएका जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर राजेश शाहीले बताउनु भयो । एमालेको चुनावी सभालाई अवरोध गर्ने गरी आमसभामा जाने कार्यकर्ताहरुलाई रोक्न खोजेपछि झडप भएको एमालेका नौगाड गाउँपालिका अध्यक्ष जनकसिह ठगुन्नाको आरोप छ ।
गठबन्धन दल नेकपा माओवादी केन्द्रका नेता दलजीतसिह धामीले एमाले कार्यकर्ताले आफ्ना कार्यकर्तालाई कुटपिट गरेको आरोप लगाउनु भयो । झडपमा परी घाइते भएका मध्ये जयभानसिंहको टाउँकोमा चोट लागेको छ। उहाँको टाउँकाको सिटिस्क्यान गर्नु पर्ने भएकोले थप उपचारका लागि धनगढी रिफर गरिएको गोकुलेश्वर अस्पतालका डाक्टर पुजा बमले बताउनु भयो ।

यसैगरी, नेकपा एमालले निर्वाचन प्रचारप्रसार गरिरहेको अवस्थामा अपिहिमाल गाउँपालिका-५ ओखलमा एमाले कार्यकर्ता र लोकतान्त्रिक गठबन्धनका कार्यकर्ताबिच कात्तिक २४ गते साँझ झडप भएको छ । झडपका क्रममा मार्मा गाउँपलिका-३ निवासी एमाले कार्यकर्ता २८ वर्षीय विरेन्द्र विष्ट र शैल्यशिखर नगरपालिका-९ का २५ वर्षीय सुरेश वादी, अपिहिमाल गाउँपालिका-६ निवासी गठबन्धनका कार्यकर्ता २० वर्षीय जहेन्द्रसिंह धामी र २४ वर्षीय जगतसिह धामी घाइते भएका जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर राजेश शाहीले बताउनु भयो । घाइतेहरुको टाउकोमा चोट लागेका कारण समान्य उपचारपछि चारै जनालाई थप उपचारको लागि रिफर गरिएको मार्मा स्वास्थ्य चौकीका डाक्टर लक्ष्मण थापाले बताउनु भयो । झडपपछि इलाका प्रहरी कार्यालय, लटिनाथबाट इन्स्पेक्टर लोकेन्द्रबहादुर सिंह नेतृत्वको टोलीले उम्मेदवारको टोलीलाई सुरक्षित स्थानमा पठाएको  थियो । नेकपा एमालेबाट प्रदेशसभा (ख) का उम्मेदवार रहनु भएका रामदत्त जोशीले अपिहिमाल गाउँपालिकाबाट घरदैलो गरेर मार्मा फर्किने क्रममा मदक पदार्थ सेवन गरेका गठबन्धनका कार्यकर्ताले प्रचारप्रसारमा अवरोध गरी सुनियोजि रुपमा आफूमाथि आक्रमण गर्दा झडप भएको आरोप लगाउनु भयो । माओवादी केन्द्र मार्माका अध्यक्ष नरबहादुर विष्टले एमाले कार्यकर्ताले सुनियोजितरूपमा आक्रमण गर्दा झडप भएको आरोप लगाउनु भयो ।

### गोरखा-२ का उम्मेदवार मियाँको प्रचार टोलीमाथि आक्रमण

प्रतिनिधिसभा गोरखा क्षेत्र नम्बर २ का नेकपा एमाले उम्मेदवार अब्दुस मियाँको प्रचार टोलीमाथि आक्रमण गरेको आरोपमा प्रहरीले कात्तिक २८ गते दुई जनालाई गिरफ्तार गरेको छ । तनँहु घर भएका अजित पन्त र राम सापकोटालाई गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय गोरखाका एसपी केदार खनालले बताउनु भयो । घटनामा एमाले कार्यकर्ता हरि काफ्ले र दीपक तामाङ घाइते भएका छन् । कात्तिक २७ गते राति पालुङटार नगरपालिका-६ स्थित एक होटलमा बसिरहेको प्रचार टोलीमाथि आक्रमण भएको उम्मेदवार मियाँले बताउनु भयो । 'हामीसँग परिचय पनि छैन । चिनेका पनि छैनौँ । एक्कासि आक्रमण भयो ।'-उहाँले भन्नु भयो । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनायो ।

### चितवन-२ का उम्मेदवार लामिछानेको गाडीमा तोडफोड

चितवन क्षेत्र नं २ का राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको प्रचारप्रसारमा हिँडेको गाडीमा तोडफोड भएको छ । इच्छाकामना गाउँपालिका-४ लेवाटारमा बा १४ च ७६८४ नम्बरको गाडीमा तोडफोड भएको हो । तोडफोडबाट गाडीको अगाडिको सिसा फुटेको छ । गाडीभित्र मानिस रहेकै समयमा गाडीमाथि चढेर तोडफोड भएको राष्ट्रिय स्वतन्त्र पार्टी चितवनले जनाएको छ । चुनावी प्रचारमा रहेका गठबन्धनका कार्यकर्ताले स्वतन्त्र पार्टीका कार्यकर्ता सवार उक्त गाडीमा तोडफोड गरेको

बताइएको छ । तर, माओवादी केन्द्रले भने उक्त घटनामा संलग्नता नरहेको जनाएका छन् । माओवादी केन्द्र चितवन अध्यक्ष रामचन्द्र अधिकारीले सो घटनामा आफूहरूको कुनै संलग्नता नरहेको स्पष्ट पारेका छन् । स्वतन्त्र पार्टीले चुनावी प्रचारमा प्रयोग भएको उक्त गाडीका विषयमा प्रशासनलाई जानकारी नदिएको चितवनका प्रमुख जिल्ला अधिकारी आस्मान तामाङले बताए ।

**चितवन-२ का उम्मेदवार श्रेष्ठको कार तोडफोड**

चितवन क्षेत्र नं. २ का नेपाली कांग्रेस उम्मेदवार उमेश श्रेष्ठको कार भरतपुरमा तोडफोड भएको छ। बा ३ च २०५० नम्बरको प्राडो कारमा अपरिचित समूहले आज बिहान ११ बजेतिर तोडफोड गरेको हो । श्रेष्ठ भरतपुर महानगरपालिका वडा नं. १० पुरानो मेडिकल कलेज अगाडि चुनाव प्रचारमा थिए । गाडी रोकेर भेटघाटमा रहेको बेला तीन वटा मोटरसाइकल चढेर आएका ६ जनाको समूहले सिसा फुटाएर भागेको प्रहरीले जनाएको छ। प्रहरीले गाडी तोडफोडमा संलग्नको पहिचान नखुलेको र उनीहरुको खोजी भइरहेको जनाएको छ ।

निर्वाचन आचारसंहितासँग सम्बन्धित समाचार अपडेटका लागि यहाँ क्लिक गर्नुहोला

इन्सेक
insec

मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, inseconline@insec.org.np
वेबसाइटः www.insec.org.np, www.inseconline.org